प्रदेश सरकार

प्रदेश न. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

रुपन्देही

# प्रस्ताव आव्हान सम्वन्धि सुचना

*प्रथम पटक प्रकाशित मितिः २०७६/१०/१७*

*यस निर्देशनालयको आ.व २०७६र०७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक प्रदेश न. ५ अन्तर्गतका तपशिलमा तोकिएका जिल्लाहरुका निजी उद्यमी / सहकारी संस्था / व्यवसायिक फार्महरु / समुह समितिहरुलाइ प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिए बमोजिमको ढाँचामा निर्देशनालयले तोकेका कार्यालयहरुमा रितपुर्वक प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैलाइ जानकारी गराइन्छ ।प्रस्ताव पत्रका साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा, प्राविधिक प्रस्ताव तथा सक्षिप्त व्यवसायिक कार्ययोजना भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट **molmac.p5.gov.np** र निर्देशनालयको वेवसाइट **dolfd.p5.gov.np** वाट डाउनलोड गरि तथा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राखि प्राप्त गर्न सक्नुहुनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।*

<table>
<tr><th>क.स</th><th>कार्यक्रमको नाम</th><th>संख्या/ पटक</th><th>निर्देशनालय वाट हुने अधिकतम साझेदारी प्रतिशत</th><th>अधिकतम साझेदारी रकम रु. प्रति प्रस्ताव</th><th>सम्भावित योग्य साझेदार</th><th>न्यूनतम मापदण्ड</th></tr>
<tr><td>१</td><td colspan="6">कृषि तथा पशुपन्छी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम</td></tr>
<tr><td></td><td>उन्नत पशुपन्छी श्रोत स्थापना (गाई/भैसी, वाखा, बंगुर)</td><td>१</td><td>५०%</td><td>गाई, भैसी ५०,००,०००।<br>वाखा, वंगुर २५,००,०००।</td><td>निजि उद्यमी/ सहकारी/ समुह/ समिति</td><td><table><tr><th rowspan="2">विवरण</th><th colspan="4">छनौटका लागी हुनुपर्ने माउ पशु संख्या</th></tr><tr><th>गाई</th><th>भैसी</th><th>बाखा</th><th>बंगुर</th></tr><tr><td>निजि व्यावसायी/ फर्म</td><td>१००</td><td>६०</td><td>३००</td><td>७५</td></tr><tr><td>कृषक समुह/ समिति/ सहकारी</td><td>२५०</td><td>१५०</td><td>५००</td><td>२००</td></tr></table>➢ श्रोत केन्द्रकोलागी न्यूनतम २५ विगाहा जग्गा हुनु पर्ने वा भाडामा भए कम्तिमा १० वर्षको लागी भाडामा लिएको सम्झौता गरी घाँस खेती गरिएको हुनुपर्ने ।<br>➢ गाईको श्रोत केन्द्र स्थापना रुपन्देही जिल्ला, भैसी श्रोत केन्द्र स्थापना दाङ्ग जिल्ला, बाखा श्रोत केन्द्र स्थापना बाँके जिल्ला, वंगुर श्रोत केन्द्र स्थापना वर्दिया जिल्लामा संचालन हुनेछ ।<br>➢ श्रोत केन्द्र कार्यक्रम संचालनको लागि समुह/समिति/सहकारी लाई प्राथमिकता दिईने छ</td></tr>
<tr><td>२</td><td colspan="6">पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम</td></tr>
<tr><td></td><td>पशुपन्छी पर्यटन प्रवर्द्धन मार्फत आयआर्जनमा सहयोग</td><td>२४</td><td>७५%</td><td>५,००,०००।</td><td>सहकारी/ समुह/ समिति</td><td>➢ न्यूनतम स्थानिय कुखुरा/कडकनाथ/गिरिराज/वट्टाई ५०० वटा, कालिज ३०० वटा, हाँस २०० वटा, टर्कि २०० वटा, माछा ०.५ हेक्टर जलासय क्षेत्रफलमा पालनगरी कृषि पर्यटन प्रवर्द्धन संग सम्वन्धित कार्य गरेको हुनुपर्नेछ ।<br>➢ प्रति जिल्ला २ वटाको दरले कार्यक्रम संचालन गरिनेछ ।</td></tr>
</table>

***नोटः** थप जानकारीको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रुपन्देहीको फोन नं. ०७१-४३८५९६ मा सम्पर्क राख्नुहुन अनुरोध छ।*

**प्रस्ताव दर्ताको लागी वुझाउन सक्ने कार्यालयहरु**

१. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय प्रदेश न. ५ रुपन्देही

२. **भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुः** रुपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, बाके र रोल्पा

**प्रस्ताव पेश गर्दा संलग्न राख्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपि।
२. रु १० को टिकट टाँस गरेको निवेदन।
३. तोकिए अनुसारको अनुसूचीमा व्यावसायीक कार्ययोजना।
४. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए कम्तिमा १० वर्षको सम्झौता पत्रको प्रतिलिपी)।
५. प्रचलित कानुन वमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।
६. स्थायी लेखा नम्वर / भ्याटमा दर्ता भएको प्रमाणको प्रतिलिपी।
७. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
८. फर्म तथा समुह सहकारी नविकरणको प्रतिलिपि।
९. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान।
१०. शैक्षिक योग्यता, तालिम, अनुभव, तथा वैदेशिक रोजगारीवाट फर्केको प्रमाणित प्रतिलिपि।
११.वैंक स्टेटमेन्ट वा वैकको ऋण स्वीकृति प्रतिवद्धता पत्र।
१२. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र।